गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.स. ०७६/७७

च.न. २४६

मिति २०७७।५।१२

## निर्णय कार्यान्वयन सम्बन्धी नगरबासीहरुमा सूचना ।

गल्कोट नगरपालिकामा कोरोना भाइरस (कोभिड-१९)को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रण गरी जनस्वास्थ्यमा आउने गम्भीर असर लाई न्युनीकरण गर्ने गराउने सन्दर्भमा नगरपालिका भित्र रहेका उधोगी व्यवसायी र सरोकारवालाहरुको छलफलको आधारमा बागलुङ जिल्ला र छिमेकी पालिकाहरुमा कोभिड-१९ को संक्रमणको जोखिम बृद्धि हुदै गएको अवस्थालाई मध्यनगर गर्दै यस गल्कोट नगरपालिकामा समेत सम्भावित संक्रमण रोकथाम र नियन्त्रणका लागि तपसिलमा उल्लेखित कार्यहरु मिति २०७७/०५/१४ देखी कडाईका साथ कार्यान्वयन गर्ने निर्णय भएकोले सम्पुर्ण नगरवासीहरुमा तपसिलमा उल्लेखित कार्यहरु पुर्ण रुपमा पालन गर्नुहुन यसै मार्फत सूचित गरिन्छ । तोकिए बमोजिमका कार्यहरु उलंघन हुने क्रियाकलापहरु गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत यसैमार्फत जानकारी गराईन्छ ।

**तपसिल :**

- बाहिरी जिल्ला, जिल्ला सदरमुकाम र अन्य पालिका बाट मिति २०७७/०५/१४ गते देखी अत्यावश्यक सेवा (विरामी बोक्ने, कृषि सामाग्री, दाना र औषधी ढुवानी गर्ने) बाहेकका खाधान्न तथा निर्माण सामाग्री ढुवानी गर्ने समेतका सवारी साधनहरु नगर भित्र प्रवेश गर्न पुर्ण रुपमा रोक लगाउने ।
- नगरपालिका भित्र मात्र संचालन हुने अत्यावश्यक (विरामी बोक्ने, कृषि सामाग्री,दाना र औषधी ढुवानी गर्ने)बाहेकको निजी तथा भाडाका सवारी साधनहरु दुई पाङ्ग्रे समेत जोरविजोर प्रणलीमा संचालन गर्ने । जोर गते जोर नम्बर भएका र विजोर गते विजोर नम्बर भएका सवारी साधन मात्र संचालन गर्ने व्यवस्था मिलाउने ।
- खुला स्थानहरुमा मानिसहरु जम्मा नहुने, भिडभाड नगर्ने ।
- आन्तरिक रुपमा उधोग व्यापार र व्यवसाय संचालन गर्दा स्वास्थ्य मापदण्ड अनिवार्य पलना गर्ने गराउने ।
- होटल व्यवसाय रेष्टुरेन्ट संचालन नगर्ने नगराउने ।
- सार्वजनिक निजी तथा वित्तीय संस्थाहरु सीमित कर्मचारीहरुबाट स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने गरी मात्र संचालन गर्ने ।
- उल्लेखित कार्यहरु पुर्ण रुपमा पालना गर्ने गराउने कार्यमा सबै सरोकारवाला, नगरस्थित सुरक्षा निकायहरुमा समेत आवश्यक सहयोग गरिदिनुहुन यसै मार्फत अनुरोध छ ।

२०७७।५।१२

...............................

तुल बहादुर बि.क.

निमित्त प्रमुख प्रशासकिय अधिकृत